# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा

पत्र संख्या: २०७८/०७९ — १.नं. प्रदेश, नेपाल

चलानी नं.: — मिति:- २०७७-१२-०८

गोलिया/चिरान काठ शिलवन्दी वोलपत्र डाक वढावढ प्रक्रियाद्वारा लिलाम विकी सम्वन्धि सूचना

पहिलो पटक सूचना प्रकाशन मिति २०७८/१२/०८

यस गाउँपालिका कार्यालय अन्तर्गत तपासिलमा उल्लेखित रहेका वन पैदावार निम्न परिमाणमा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम विकी गर्नु पर्ने भएकोले सम्वन्धित सवैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । मु.अ.करमा दर्ता भएका इच्छुक कम्पनी वा फर्मले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र वोलपत्र खरिदगरी २२ औं दिन, दिनको १:०० वजे भित्र शिलवन्दि वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

| सि.नं. | जात | लट नं. | थान | चिरान परिमाण | गोलियामा परिणत गर्दा | ग्रेड | दर | न्यूनतम मूल्य | संकलन खर्च | यारिसे/ मेवा रिसे | घाटगद्दी स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | साल | १ | ९५ | | ४६५.६३ | C | | २,३२,८१५। | २५,४९४।२५ | | घेरावारी प्र.चौ. | |
| २. | साल | २ | २०२ | ३७८.९७ | ५३०.५५ | | | ५,३०,५५०। | २९,०४८।६५ | | घेरावारी प्र.चौ. | |
| ३. | साल | ३ | २८ | | १२४.१९ | C | | ६२,०९५। | ६,८००। | | वनियानी प्र.चौ. | |
| ४. | साल | ३ | १८ | १७२.३८ | २४१.३३ | | | २४१,३३०। | १३२१३। | | वनियानी प्र.चौ. | |

वोलपत्र सम्वन्धि शर्तहरु:

१. वोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :-

क) खरिद गर्ने मिति: सूचना प्रकाशित भएको मिति देखि २०७८/१२/२९ गते दिनको ४:०० वजे सम्म ।

ख) वोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति: २०७८।१२।३० गते दिनको १:०० वजे सम्म ।

२. वोलपत्र कचनकवल गाउँ कार्यपालिकाको कार्यालय, वनियानी झापावाट मात्र खरिद तथा दाखिला गर्न सकिने छ ।

३. वोलपत्र साथ कवोल गरेको रकमको १०% ले हुन आउने रकम वोलपत्र खरिद गरेको कार्यालयको NIC Asia वनियानी शाखाको खाता नं. 67CA051019752404 नं. को धरौटी खातामा नगद जम्मा गरेको सक्कलै भौचर वा कार्यालयको नगदी रसिद समावेश हुनु पर्ने छ ।

४. वैक जमानत धरौटीको रुपमा पेश गरिएमा यस्तो जमानत कम्तिमा ६ महिना अवधि सम्मको लागि वैक ग्यारेण्टी भएको हुनु पर्ने छ ।

५. वोलपत्र फारामको हकमा रु.१०००।०० (पछि फिर्ता नहुनेगरी) तिरी यस कार्यालयको राजस्व/आर्थिक प्रशासन शाखावाट खरिद गर्न सकिने छ ।

६. लिलाम वढावढ हुने काठ इलाका प्रहरी कार्यालय वनियानी, प्रहरी चौकी घेरावारीमा गई हेर्न सकिने छ ।

७. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाईटरको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी वोलपत्रसाथ पेश गर्नु पर्ने छ ।

कुमार वस्नेत
प्रमुख प्रशासकीय अधिकृत

www.kachankawalmun.gov.np Phone No. 9852655210
info@kachankawalmun.gov.np kachankawala@gmail.com ito.kachankawalmun@gmail.com

कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा
१.नं. प्रदेश, नेपाल

पत्र संख्या: २०७८/०७९
चलानी नं.:

मिति:- २०७७-१२-०८

८. निर्धारण गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्नआएका वोलपत्रहरु मिति २०७८/१२/३० गते दिनको १:३० वजे यस गा.पा. कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर तथा संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र आफ्नै पहलमा सम्पूर्ण खर्च व्यहोरी उठाई लैजानु पर्नेछ ।

१०. वोलपत्र स्वीकृत भएको मितिले २१ दिन भित्र वन पैदावार इजाजत लिई उठाई लगि सक्नुपर्ने छ । प्रत्येक लट नं.का संकलन खर्च वापतको सुचनामा उल्लेखित रकम वोलकवोल रकम भन्दा अलग्गै बुझाउनु पर्नेछ ।

११. वोलपत्र खरिद गर्न आउदा यस आ.व.का लागि नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र, मु.अ.कर प्रमाण पत्र र म्याद भित्रको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी निवेदन पेश गर्नुपर्नेछ ।

१२. सहि छाप नभई तथा शिलवन्दी नभई प्राप्त भएका वोलपत्र/दरभाउ पत्रलाई समावेश गरिने छैन ।

१३. वोलपत्रमा कुनै शर्त उल्लेख गरिएको पाइएमा उक्त वोलपत्र/दरभाउपत्र स्वीकृत गरिने छैन ।

१४. जुन कम्पनी/फर्मवाट वोलपत्र खरिद गरिएको हो सोही फर्म वा संस्थावाट हस्ताक्षर र छाप सहित पेश भएको वोलपत्र/दरभाउपत्र मात्र मान्य हुने छ ।

१५. तोकिएको लटको लागि खरिद वोलपत्र अर्को लटको लागि प्रयोग गर्न पाईने छैन ।

१६. तोकिएको दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिनेछ ।

१७.अन्य थप कुरा आवश्यक परेमा यस कार्यालयको सूचना वोर्डमा हेर्न तथा प्रशासन शाखावाट कार्यालय समयमा जानकारी लिन सकिनेछ ।

१८. दरभाउ पत्रको लटमा उल्लेखित प्रत्येक जात र ग्रेड अनुसारको सकार रकम छुट्टा छुटै स्पष्ट उल्लेख गरी लेख्नुपर्ने छ ।

१९. यसमा उल्लेख नभएका अन्य कुरा वन पैदावार सङ्कलन तथा विक्री वितरण निर्देशिका, २०७३ / सार्वजनिक खरिद ऐन तथा नियमवाली २०६४ वमोजिम हुने छ ।

२०.कचनकवल गा.पा.भन्दा वाहिर लैजानु परेमा डिभिजन वन कार्यालय, झापासँग आफै समन्वय गरी छोडपूर्जी वनाउनु पर्नेछ ।

२१.वोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्दछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

२२.लिलाम विक्री सम्वन्धी कामकारवाहीका सम्वन्धमा कुनै विवाद भए कार्यालयको निर्णय नै अन्तिम मानिनेछ ।

वोधार्थ:-
श्री सूचना प्रविधि शाखा:- *वेभसाईटमा अप्लोड गरिदिनुहुन ।*

कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

www.kachankawalmun.gov.np Phone No. 9852655210
info@kachankawalmun.gov.np kachankawala@gmail.com ito.kachankawalmun@gmail.com